प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
# पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

पत्र संख्या :- २०७७/०७८
चलानी नं. :- २४०

मिति :- २०७७/०७/०५

श्री भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

सिन्धुली, दोलखा, नुवाकोट, धादिङ्ग, ।

विषय : आवस्यक सहयोग सम्बन्धमा।

प्रस्तुत विषयमा नेपाल लाइभष्टक सेक्टर इनोभेसन आयोजना विकेन्द्रीकृत आयोजना सहयोग इकाई हेटौंडा मकवानपुरको आ.व. २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सार्वजनिक नीजी साझेदारी अवधारणामा डेरी संकलन केन्द्र निर्माण (भवन निर्माण) कार्यक्रम संचालनको लागि उपयुक्त स्थानीय तह र दुग्ध उत्पादक सहकारी संस्था छनौटको लागि मिति २०७७/०७/०५ गते अन्नपुर्ण दैनिक पत्रिकामा प्रकाशित सूचना आयोजना लागू भएका जिल्ला (काठमाडौं, काभ्रेपलान्चोक, चितवन र मकवानपुर) बाहेकका जिल्ला स्थित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरुमा जानकारी गराई दिन हुन भनी विकेन्द्रीकरण आयोजन सहयोग इकाई हेटौंडा मकवानपुरको चलानी नं. ११३ को पत्र प्राप्त भएकोले त्यस विज्ञ केन्द्रको कार्यक्षेत्र भित्र रहेका मध्य पहाडी लोकमार्गसँग जोडीएका स्थानीय तहहरुलाई जानकारी गराई दिन हुन अनुरोध छ।

डा. राम प्रकाश प्रधान

**बोधार्थ**

श्री प्रमुख/अध्यक्ष ज्यू,
महानगरपालिका/नगरपालिका/गाउँपालिका
बागमती प्रदेश सबै।

श्री नेपाल लाइभष्टक सेक्टर इनोभेसन आयोजना
विकेन्द्रीकृत आयोजना सहयोग इकाई
हेटौंडा मकवानपुर

☎ ०५७-५२४२५४, ५२४३१५, E-mail: dlfd3p@gmail.com, Website: dolfd.bagamati.gov.np

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
नेपाल लाइभष्टक सेक्टर ईनोभेसन आयोजना
विकेन्द्रिकृत आयोजना सहयोग इकाई
हेटौंडा, मकवानपुर

फोन नं. ०५७-५२४५७४
ई-मेल:dlsuhetauda@gmail.com

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, हेटौंडा
दर्ता नं २५५
मिति ०६/०८

पत्र संख्या:२०७७/७८
च.नं.: ११३

मिति: २०७७/०७/०५

**विषय : आवश्यक सहयोग सम्बन्धमा ।**

श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बागमती प्रदेश, हेटौंडा

प्रस्तुत विषयमा यस इकाईको आ.व. २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सार्वजनिक नीजि साझेदारी अवधारणामा डेरी संकलन केन्द्र निर्माण (भवन निर्माण) कार्यक्रम संचालनको लागि उपयुक्त स्थानीय तह र दुग्ध उत्पादन सहकारी संस्था छनौटको लागि मिति २०७७/०७/०५ गते अन्नपूर्ण राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना आयोजना लागु भएका जिल्ला (काठमाण्डौं, काभ्रेपलाञ्चोक, चितवन र मकवानपुर) बाहेकका जिल्ला स्थित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरुमा जानकारीको लागि आवश्यक सहयोग गरिदिनुहुन सादर अनुरोध छ ।

.................................
डा. बिदुर प्रसाद गौतम
आयोजना समन्वय प्रमुख
कार्यालय प्रमुख

बोधार्थ:
श्री पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, बागमती प्रदेश, हेटौंडा

श्री योजना
आ० का० गर्नु

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना
विकेन्द्रिकृत आयोजना सहयोग इकाई, हेटौंडा, मकवानपुर

# सार्वजनिक निजी साझेदारी अवधारणामा डेरी संकलन केन्द्र निर्माण कार्यक्रमको प्रस्ताव आह्वान गरिएको सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः २०७७/०७/०६**

विकेन्द्रिकृत आयोजना सहयोग इकाई, हेटौंडाको कार्यक्षेत्र बागमती प्रदेशको चार जिल्लाहरु (काठमाण्डौं, काभ्रेपलाञ्चोक, चितवन र मकवानपुर) र प्रदेश नं. २ को तीन जिल्लाहरु (धनुषा, सिरहा र सप्तरी) वाहेकका बागमती प्रदेश र प्रदेश नं. २ का अन्य जिल्लाहरुका मध्यपहाडी लोकमार्ग वा उत्तर-दक्षिण जोड्ने मार्ग वा हुलाकी मार्गसंग जोडिएका स्थानीय तहले ले सार्वजनिक निजी साझेदारी (PPP) मोडेलमा डेरी संकलन केन्द्र निर्माण (भवन निर्माण) कार्यक्रमको लागि दुग्ध उत्पादक सहकारी संस्था मार्फत डेरी संकलन केन्द्र निर्माणमा सहभागी हुन इच्छुक स्थानीय तहले यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र सहकारी संस्था छनौट गरी विकेन्द्रिकृत आयोजना सहयोग इकाई, हेटौंडामा तोकिएको ढाँचामा दरखास्त दिनुहुन सम्बन्धित सबै को जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| सि.नं. | संचालन हुने कार्यक्रम | इकाइ | लक्ष्य | बजेट रु |
|---|---|---|---|---|
| १ | PPP मोडेलमा डेरी संकलन केन्द्र निर्माण (भवन निर्माण) | संख्या | १ | ५०,००,००० (पचास लाख मात्र) |

साझेदारीका शर्तहरुः

१) साझेदारी गर्न इच्छुक गाउँ वा नगरपालिकाले कानूनी रुपमा दर्ता भएको सहकारी संस्था मार्फत दुग्ध संकलन केन्द्र स्थापना तथा संचालन गर्ने गरी प्रस्ताव तयार गर्नुपर्नेछ ।

२) दुग्ध संकलन केन्द्र निर्माण गर्न प्रस्तावक गाउँ वा नगरपालिकाले तराईमा भए २ कठ्ठा र पहाडमा भए १.५ रोपनी उपयुक्त जमिन उपलब्ध गराउनु पर्नेछ ।

कार्यालय प्रमुख

३) संकलन केन्द्र स्थापना गरिने स्थानमा सडक, पानी तथा बिजुलीको थ्रिफेज लाइनको व्यवस्था हुनुपर्नेछ ।

४) दुग्ध संकलन केन्द्र प्रस्ताव गरिएको क्षेत्रमा व्यवसायिक गाई/भैंसी पालनको शुरुवात भएको हुनुपर्नेछ र उक्त संकलन केन्द्र सञ्चालन भएमा दैनिक कम्तिमा पनि ५०० लिटर दूध संकलन हुने आधार समेत प्रस्तावसंग संलग्न हुनुपर्नेछ ।

५) साझेदारी प्रस्तावक गाउँ वा नगरपालिकाले दूध संकलन केन्द्र निर्माण गर्ने जमिनको अलावा दूध संकलन, भण्डारण, प्रशोधम र वजारीकरणमा स्थानीय तहले गर्ने प्राविधिक, आर्थिक र वस्तुगत थप सहयोगको विवरणहरु पनि पेश गर्नुपर्नेछ ।

६) उत्पादनमुलक गठबन्धनमा आधारित र उत्पादन विविधिकरण योजना समावेश भएको प्रस्तावलाई मुल्याङ्कन गर्दा प्राथमिकता दिइने छ ।

७) साझेदार स्थानीय तहले सो केन्द्रबाट पशु स्वास्थ्य, पशु नश्ल सुधार लगायतका सेवा प्रवाह गर्ने र आवश्यक अन्य सुविधा, उपकरण तथा जनशक्ति आफ्नो तर्फबाट उपलब्ध गराउने प्रस्ताव समेत गर्न सक्नेछ ।

**पेश गर्नुपर्ने कागजातहरुः-**

१ स्पष्टसंग बुझिने विवरणहरु भरिएको प्रस्ताव फाराम । २ दुग्ध उत्पादन सहकारी छनौटको पत्र ३ सहकारी दर्ता प्रमाण पत्र/प्यान दर्ता प्रमाणपत्रको प्रतिलिपि। ४ उपलब्ध हुने जमिनको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि र ट्रेस नक्साको प्रतिलिपि ।

**दरखास्त फाराम पाइने स्थानः**-- प्रदेश स्थित पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय वा विकेन्द्रिकृत आयोजना सहयोग इकाई, हेटौंडा

**दर्ता हुने स्थानः**- विकेन्द्रिकृत आयोजना सहयोग इकाई, हेटौंडा ।

**थप जानकारीको लागि कार्यालयको फोन नं. ०५७-५२४५७४ मा सम्पर्क गर्न वा आयोजनाको वेब साइट www.nlsip.gov.np मा समेत हेर्न अनुरोध गरिन्छ ।**

नेपाल ... तथा पशुपन्छी ... लाईभस्टक सेक्टर ... विकेन्द्रिकृत आयोजना सहयोग ... हेटौंडा, मकवानपुर

कार्यालय प्रमुख

# अनुसूची-२

साझेदारी प्रस्तावको ढाँचा

## भाग-१

## परिचय

१. प्रस्तावक गाउँ/नगरपालिकाः ..........................................................................................

२. ठेगानाः ......................................जिल्ला ................................ प्रदेश : .......................................

३. टेलिफोन नं. ........................................... ईमेलः ......................................................................

४. दूध संकलन केन्द्र सञ्चालन गर्ने दुग्ध सहकारीको विवरणः

४.१ दुग्ध सहकारीको नामः

४.२ स्थापना मितिः

४.३ सदस्य संख्याः

४.४ हाल दूध संकलनको काम गरेको भए दैनिक संकलन हुने दूध (लिटर):

४.५ सहकारीमा दूध विक्रि गर्ने कृषकः

४.६ सहकारीले दूध विक्रि गर्ने संस्थाः

५. दुग्ध संकलन केन्द्र स्थापना गर्ने प्रस्तावित जमिनको क्षेत्रफलः ..........................

६. आवश्यक भौतिक पूर्वाधारहरु (छ वा छैन ?, व्यवस्था हुन सक्ने वा नसक्ने ?

६.१ पानी ...........................

६.२ विद्युत ...........................................................................

६.३ बाटोको सुविधा .............................................................

७. साझेदारी गर्ने आधार (संक्षेपमा व्याख्या गर्नुहोस्) ..................................................................

## भाग-२ व्यवसायिक योजना

१ पृष्ठभूमि

२ उद्देश्य

३ परियोजना आवश्यकता

४ परियोजना संभाव्यताको विस्तृत विवरण

- प्राविधिक पक्ष (प्रस्तावित पूर्वाधारको अनुमानित लागत समेत)
- आर्थिक पक्ष (विस्तृत व्यवसाय विश्लेषण तथा योजना र लगानीका श्रोतहरु समेत खुल्ने गरी)
- बजारीकरण पक्ष
- आर्थिक तथा सामाजिक पक्ष
- वातावरण प्रदुषण नियन्त्रण पक्ष

५ परियोजना कार्ययोजना

६ परियोजना संचालन कार्यनीति